वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वालिङ, स्याङजा ।
## गडण्की प्रदेश, नेपाल

**विद्यालयहरुको भवन निर्माण सम्वन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७५।९।१५गते)**

यस नगरपालिका क्षेत्र भित्र रहेको विद्यालयहरुको भवन निर्माणको कार्य बोलपत्रको माध्यमद्धारा गर्नु पर्ने भएकोले सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक व्यवसायीहरु वा कम्पनिहरुवाट निम्न सर्तहरुको अधिनमा रहि निर्माण कार्यको लागि रितपूर्वक शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१) बोलपत्र फाराम खरीद गर्न इच्छुक व्यवसायीहरु फर्महरुले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७४/०७५ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने ) राजस्व शाखा तथा नेपाल बैक लिमिटेड वालिङ शाखामा रहेको खाता नं.५०५/०८३००१०१०४८०१४००००१ मा जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्धारा समेत बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।

२) बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

३) बोलपत्र पुस्तिका तथा सुचनामा उल्लेखित मुल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैन ।

४) बोलपत्र फारमा भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्याता दिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनु पर्ने छ ।

५. शिलवन्दी बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग.३/०८३०३०००००००००३००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त (क) वर्गको बैकवाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन सम्म म्याद भएको जमानत (Bid security ) समावेश भएको हुनु पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नू पर्ने छ । बोलपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने र यस कार्यालयबाट बिकी भएको बोलपत्र फाराम भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नु पर्नेछ । बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ (शिलवन्दी खामभित्रै) संलग्न हुन पर्ने छ ।

७) .कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) बोलपत्र फाराम र यस सुचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, पहिलो संशोधन २०७३, र सार्वजनिक खरिद नियमावली २०६४, पाँचौ संशोधन २०७३ अनुसार हुनेछ । अन्य जानकारीका लागी यस कार्यालयको फोन नं. ०६३४४०१७७ मा सम्पर्क गर्न सकिने छ ।

९) <u>बोलपत्र फाराम खरिद/दर्ता गर्ने समय:</u>

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय :२०७५।१०।१४ गते कर्यालय समय । | बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०७५।१०।१५ गते, समय: १२.०० बजे भित्र | बोलपत्र खोल्ने मिति २०७५।१०।१५ गते र समय १४.०० बजे |

**१०) निर्माण कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | खरिद गर्नु पर्ने साधनको विवरणहरु | जमानत रकम | बोलपत्र फारम दस्तुर ( रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४/२०७५/०७६ | रणवीरजन हित उच्च मा.वि. भवन निर्माण कार्य वालिङ १ | २,९६,९२४।० | ३०००।० | पछि फिर्ता नहुने। |
| २ | ५/२०७५/०७६ | महेन्द्र मा.वि. भवन निर्माण वालिङ ५ | ३,१४,५९७।० | ३०००।० | " " |